ग्राफीक डिजाइन, फ्लेक्स बोर्ड, स्क्रीन प्रिन्ट, कलर प्रिन्ट, बुक सेटिङ्ग तथा छपाई, बाइन्डिङ्ग, टाईपिङ्ग, क्यालेण्डर छपाई, परिचय-पत्र भिजिटिङ्ग कार्ड, विवाह कार्ड, सेल्फ छाप, नाइलन छाप बनाइनुका साथै छपाई सम्बन्धि सम्पूर्ण कार्य गरिन्छ ।
एडी
कम्प्युटर एण्ड स्क्रीन प्रिन्ट
एल.एन.चौक
(त्रिनगर स्कुल गेट अगाडि)
मो.नं.: ९८४८४५५०८३

नेपाली राष्ट्रिय दैनिक
# धनगढी पोष्ट
www.dhangadhipost.com

खुशीको खबर !
"सीप सिकौं आत्मनिर्भर बनौं ।"
हाम्रो यहाँ दक्ष, अनुभवी प्रशिक्षकद्वारा तालिम दिईनुका साथै दक्ष कालीगढबाट अर्डर अनुसारको आधुनिक डिजाइनका कपडाहरु सिलाई गरिन्छ ।
वबी बुटिक
एल.एन.चौक, धनगढी
मो.नं.: ९८४८४६८२३०, ९८११६७६४५९

चिया सिड्स : मेसोअमेरिकादेखि हाम्रो भान्सासम्म २
भागेश्वरको बगरकोटमा बन्यो आधुनिक स्वास्थ्य चौकी भवन ३
सुदूरपश्चिममा विकास खर्च एक प्रतिशत मात्रै ४

वर्ष २४ अंक ६२ वि.सं. २०८२ कार्तिक १८ गते मंगलबार (Nov. 4, Tuesday 2025) मुल्य रु. ४/- पेज -४

## धनगढी गाउँ-जुगेडा सडक स्तरोन्नती नहुँदा सास्ती खेप्दै नागरिक

### सडकका कारण विद्यार्थी कोठाभाडामा लगेर बस्न बाध्य

**पोष्ट संवाददाता**

धनगढी । धनगढी उप महानगरपालिका वडा नम्बर-८ धनगढी गाउँ देखि वडा नम्बर-१२ जोड्ने सडक स्तरउन्नती नहुँदा सो क्षेत्रका नागरिक सास्ती खेप्न बाध्य छन् । बजारबाट नजिकै पर्ने भएपनि सडकका कारण दुर्गम क्षेत्रमा बसेको अनुभुति हुने गरेको स्थानीयको गुनासो छ । 'यो सडकमा हिड्न मननै लाग्दैन,' स्थानीय गीता रानाले भनिन्, 'बजारमा काम नपरिओस् भन्ने लाग्छ, कहिले राम्रो सडक बन्ने हो अत्तोपत्तो छैन ।' स्थानीय तह, प्रदेश र संघिय जनप्रतिनिधिलाई पटक-पटक सडक निर्माणका बारेमा जानकारी गराउँदा पनि बजेट नआएको उनको गुनासो छ ।

स्थानीय भीखारी रानाले तीन-चार बर्ष देखि सडक निर्माण हुने भनेर आस्वासन आएपनि नबनेको गुनासो गरे । जनप्रतिनिधिले पटक-पटक बजेट हाल्ने भनेर ठगेको उनको गुनासो छ । 'नारदमुनी रानाले पनि बजेट हाल्ने बताएका थिए,' रानाले भने, 'तर उहाँको कार्यकाल सकिदा सम्म पनि सडक बनेन, अहिलेका जनप्रतिनिधिले पनि सडक आउँछ भनेर हामीलाई ठगिरहेका छन् ।'

वडा नम्बर-१० का चुन्ठा रानाले सडकका कारण धनगढी जानुपर्दा जुगेडा हुँदै मनेहराबाट घुमेर जानुपर्ने बाध्यता रहेको बताए । 'वडा नम्बर-१० बाट धनगढी पुग्न ४ किलोमिटरमात्रै दुरी छ,' रानाले भने, 'तर सडकका कारण हामी १५ किलोमिटर हिडेर जगेडा हुँदै बजार पुग्नुपर्ने बाध्यता छ, यो समस्या समाधानका लागि जनप्रतिनिधिको ध्याननै गएको छैन ।' उनले धनगढीका मेयर गोपाल हमाललाई समस्या सुनाएको बताए । मेयर सावले अव छिट्टै काम अघि बढाउने आस्वासन त दिनुभएको छ,' उनले भने, तर कहिले बन्नेहो थाहा छैन ।'



यस पटक नेपाली कांग्रेसकी नेतृ आरजु देउवाले सडक निर्माणका लागि २४ करोड बजेट विनियोजन गरिदिने आस्वासन दिएपनि जेनजी आन्दोलनका कारण त्यो बजेट पनि आउने नआउने अत्तोपत्तो नभएको उनले बताए ।

सडकको समस्याका कारण विद्यार्थीले बजारमै कोठा भाडामा लगेर बस्नुपर्ने बाध्यता रहेको रानाको गुनासो छ । 'राम्रो सडक भए १०-१५ मिनेटकै यहाँबाट साईकलमा पनि बजार पुग्न सकिन्थयो,' उनले भने, 'तर सडकको वेहाल छ, विद्यार्थीलाई विहानीख सडकमा यात्रा गर्नै सकस हुन्छ, त्यसैले बजारमै काठा भाडा तिरेर बस्न बाध्य भएका छन्, न्युन आए भएका स्थानीयलाई सडकका कारण कोठाको भाडा तिर्नुपर्ने बोझ थपिएको छ ।'

धनगढी उप महानगरपालिका वडा नम्बर-१० का वडा अध्यक्ष विशकुमार रानाले २०७४ देखिनै सडक निर्माण गर्ने आवाज उठेपनि बन्न नसकेको बताए । पटक-पटक सडकमा बजेट आयो भनेर प्रचार गरिएपनि हाल सम्म कुनै प्रगति नभएको वडा अध्यक्ष रानाले बताए । यस पटक एडिबिको आर्थिक सहयोगमा सडक निर्माणका लागि ठेक्का प्रकृया भने अघि बढेको उनले बताए । 'वडा नम्बर-८ धनगढी गाउँ देखि वडा नम्बर-१२ को गुम्बाडाँडा सम्म ४ कलिोमिटर निर्माण गर्ने गरी ठेक्का प्रकृया अघि बढेकाले छिट्टै सडक निर्माण कार्य सुरु हुने अपेक्षा गरिएको छ,' रानाले भने, 'सडकको कामले गति लगे हाम्रै कार्यकालमा काम पुरा हुन सक्छ ।'

खराब सडकका कारण वडा नम्बर-१० का धेरै विद्यार्थीले बजारमा कोठा भाडा लगेर अध्ययन गर्नुपर्ने बाध्यता रहेको बताउँदै अध्यक्ष रानाले त्यो समस्या एक बर्ष पछि अन्त्य हुने दावि गरे ।

धनगढी उप-महानगरपालिकाका इन्जिनियर द्धिजराज भट्टले धनगढीगाउँ जुगेडा सडक निर्माण कार्य द्धिट्टै सुरु हुने बताए । १२ मिटर चौडठाई, दुई तर्फि नाला सहित ४ किलोमिटर सडकको ठेक्का प्रकृया अन्तिम चरणमा पुगेको उनले बताए । एडिबिको आर्थिक सहयोगमा बन्ने सडकका लागि हाले ठेक्का प्रकृया अघि बढेको इन्जिनियर भट्टले बताए । बोलपत्र आह्वान भइसकेको छ,' भट्टले भने, '४-५ वठा फमको आवेदन आइसकेको छ, आवश्यक प्रकृया पुरा भएपछि सडन निर्माण कार्य सुरु हुने छ ।'

## सूचनाको अधिकार प्रत्याभूति हुने गरी काम गर्छौं : सिडिओ रेग्मी



अत्तरिया । कैलालीका प्रमुख जिल्ला अधिकारी हिरालाल रेग्मीले सूचनाको अधिकार प्रत्याभूति हुने गरी काम गर्ने प्रतिबद्धता जनाएका छन् । सोमबार पत्रकारहरू सँगको छलफल कार्यक्रममा बोल्दै उनले आफ्नो र आफू मातहतका कार्यालयलाई मिडिया मैत्री बन्न सहजीकरण गर्ने प्रतिबद्धता जनाए ।

'मिडिया फ्रेन्डली हुनको अर्थ, जनताको सेवा मुखी हुनु हो' उनले भने 'त्यसका लागि म लगायत म अन्तरगतका कार्यालय प्रमुख, कर्मचारी, सुरक्षा निकाय, राजनीतिक दलहरू सँग समन्वयन गर्ने छु ।' कार्यक्रममा पत्रकारहरूले सूचना पाउन समस्या हुने गरेको गुनासो राखेका थिए । प्रत्रकार महासंघका सुदूरपश्चिम सचिव शिवराज भट्टले कैलाली कारागारमा भएको घटनाका बेला सूचना पाउन निकै सास्ती भोग्नुपरेको बताउँदै आगामी दिनमा यस्ता अवस्था आउन नदिन सूचना मैत्री बन्न आग्रह गरे ।

उनले सञ्चार माध्यमका मुद्दा प्रेस काउन्सिलले हेर्ने भएकाले प्रशासनमा आएका उजुरी पनि काउन्सिलमा पठाउन आग्रह गरे । कार्यक्रममा पत्रकारहरूले जिल्लामा सीमामा हुने अवैध कारोबार, चोरी डकैती, लागू औषध लगायतका मुद्दामा जिल्ला प्रशासन कार्यालयलाई विशेष निगरानी राख्न आग्रह गरेका थिए ।

जवाफमा प्रमुख जिल्ला अधिकारी रेग्मीले गौरीफन्टा नाकाबाट सामान लिएर आउनेलाई सास्ती भएको, लागू औषध नियन्त्रण, चोरीका घटना बढेको, मोटरसाइकलहरूले ध्वनि प्रदुसर्ण गर्ने लगायतका विषय आफ्नो कार्यक्षेत्र भित्र पर्ने भएकाले त्यसका लागि सरोकारवाला निकाय सँग छलफल गरेर अगाडि बढ्ने बताए । उनले अहिले प्रशासन कार्यालय पनि आफै पीडामा भएकाले कर्मचारीको मनोबल बढाउनका लागि पनि सबैको सहकार्य आवश्यक रहेको बताए ।

उनले जेनजी आन्दोलन पछि कर्मचारी, प्रहरीको मनोवलन पनि सँगसँगै उठाउन आवश्यक रहेको बताए । 'अहिले हामी पनि एक किसिमको पीडा मै छौ । बस्ने ठाउँ छैन । काम गर्नका लागि आवश्यक उपकरणको अभाव छ । कर्मचारीको मनोबल घटेको छ' उनले भने ।

## शिवपुरीमा धाममा ११ करोड दीप प्रज्वलन हुने



**धनगढी ।** धनगढी स्थित शिवपुरी धाममा हरिहर चतुर्दशी अनुष्ठानका अवसरमा ११ करोड दीप प्रज्वलन गरिने भएको छ ।

श्रीमद् हरीहर चतुर्मास अनुष्ठान शिवपुरी धर्मात्सव समितिका अनुसार कात्तीक १९ गते चतुर्मास अनुष्ठान गरिने छ । सो अवसरमा ११ करोड दीप प्रज्वलन गर्ने तयारी अन्तिम चरणमा पुगेको अनुष्ठानमा संकल्पकर्ता सत्यराज अवस्थीले बताए । उनका अनुसार भक्तजनले घरमै तयार पारेको दीप अनुष्ठानका अवसरमा प्रज्वलन हुने छ । 'हरिबोधनी एकदशी देखि नियनिम भगवान विष्णुको पूर्जा गर्दै गरेका भक्तजनले घरमा दीप तयार पारेका छन्,' अवस्थीले भने, 'सो दीप भिजाउने कार्य भइरहेको छ, १९ गते वृहत प्रज्वलन सहित अनुष्ठान समापन गरिने छ ।'

धनगढी-४ की माया घिमिरेले चार महिना सम्म भगवान विष्णुको नित्य पूजा गरी भव्यताका साथ चतुर्मासमा समापन गर्नपाउँदा खुशी लागेको बताइन् । भक्ती र साधनाले मानिसलाई अनुशासित बनाउनुका साथै आत्म सन्तुष्ट बनाउने गरेको उनको भनाई छ । युवा पिढिलाई पनि भक्ती र साधनामा जोडन्सके अपराधिक कृयाकलापमा कमि आउन सक्ने उनको अपेक्षा छ । नयाँ पिढिलाई अनुशासित र संस्कारी बनाउन घर देखिनै भक्तीको भावना जगाउन सक्नुपर्नेमा उनले जोड दिइन् ।

## पञ्चेश्वर वडा नं ५ र ६ सडक सञ्जालमा जोडिए

बैतडी । बैतडीको पञ्चेश्वर गाउँपालिका वडा नं ५ र ६ मा गाउँपालिकाको केन्द्रसँग जोड्ने सडकको ट्र्याक खुलेको छ । वडा नं ५ र ६ लाई गाउँपालिकाको केन्द्रसँग जोड्ने महाकाली करिडोरको ट्र्याक खुलेको हो । सडक जोडिएसँगै वडा नं ५ र ६ का बासिन्दालाई गाउँपालिकाको केन्द्रसम्म पुग्न सहज भएको गाउँपालिका अध्यक्ष गोरखबहादुर चन्दले बताए ।

सडक निर्माण नहुँदा सम्म गाउँपालिकाको वडा नं ५ र ६ का बासिन्दालाई गाउँपालिकाको केन्द्र पुग्न निकै समस्या रहेको थियो । सडक निर्माण कार्य भएपछि अब स्थानीयहरुलाई पालिकामा पुग्न सहज हुने उनले बताए । उनले भने, 'यसअघि सडक नहुँदा यहाँका बासिन्दाहरुलाई पालिकाको केन्द्र पुग्न निकै समस्या हुने गरेको थियो । घण्टौं पैदल हिड्नुपर्थ्यो, अब त्यो समस्या हल भएको छ ।'

यो सडकलाई स्तरोन्नति गर्न सके पञ्चेश्वरबाट दुई घण्टामै सदरमुकाम पुग्न सकिने अध्यक्ष चन्दले बताए । कडा चट्टानका कारण सडक निर्माणमा निकै समस्या रहेकोमा अहिले समस्या समाधान भएको अध्यक्ष चन्दले बताए । यो सँगै पञ्चेश्वर गाउँपालिकाका सबै वडा सडक सञ्जालमा जोडिएका अध्यक्ष चन्दले बताए । गाउँपालिकाका हरेक वडाबाट पालिकाको केन्द्रसम्म पुग्ने कच्ची सडकहरु निर्माण भएका उनले बताए ।

## बैतडीमा थपिए ४०७ नयाँ मतदाता

बैतडी । आगामी प्रतिनिधिसभा निर्वाचनलाई लक्षित गर्दै बैतडीमा ४ सय ७ जना नयाँ मतदाता थपिएका छन् । निर्वाचन आयोगले असोज ९ देखि कात्तिक २८ गतेसम्म मतदाता नामावली अद्यावधिक गर्न सूचना जारी गरेपछि जिल्लामा उत्साहजनक सहभागिता देखिएको जिल्ला निर्वाचन कार्यालयका निमित्त प्रमुख पुरुषोत्तम जोशीले जानकारी दिए ।

उनका अनुसार एकै दिनमा ४५ जनासम्मले नाम दर्ता गराएका छन्, जसमा १६ र १७ वर्षका किशोर-किशोरीको सहभागिता बढी छ । अहिले जिल्लामा कुल मतदाता संख्या १ लाख ५४ हजार १ सय ६८ पुगेको छ । यसमा महिला मतदाता ७६ हजार ९ सय ९८ र पुरुष ७७ हजार ३८० जना छन् । अघिल्लो निर्वाचनमा १ लाख ५० हजार १ सय ५६ **(बाँकी ३पेजमा)**

## बाजुरामा चार दिन दैनिक पाँच घण्टा विद्युत अवरुद्ध हुने

बाजुरा । बाजुरा जिल्लामा मंगलवार देखि दैनिक पाँच घण्टा राष्ट्रिय प्रशारण लाइनको विद्युत सेवा अवरुद्ध हुने भएको छ । भोलि अर्थात कार्तिक १८ गतेदेखि २१ गतेसम्म प्रत्येक दिन बिहान पाँच घण्टा विद्युत सेवा अवरुद्ध हुने भएको हो । नेपाल विद्युत प्राधिकरण वितरण केन्द्र बाजुराले भोलि देखि हरेक दिन बिहान साढे ६ बजे देखि ११ बजेसम्म जिल्लाभर विद्युत अवरुद्ध हुने जानकारी दिएको छ । नेपाल विद्युत प्राधिकरण डोटीका अनुसार डोटीको मौवामा रहेको ३३ के.भी. लाइन निर्माण कार्य हुने छ । त्यस्तै अछाम फिडरको पोलमा मौवा सबस्टेशनको लागि छुट्टै फिडर बनाउनु पर्ने भएकाले विद्युत अवरोध हुने जनाएको छ । उक्त अवधिभर ३३/११ के.भी पिपल्ला सबस्टेशनबाट प्रशारण हुने ३३ के.भी अछाम फिडर सटडाउन हुने हुँदा याँहा पनि विद्युत अवरोध हुने भएको हो ।



# सुदूरपश्चिममा विकास खर्च एक प्रतिशत मात्रै



धनगढी । सुदूरपश्चिम प्रदेश सरकारले चालु आर्थिक वर्ष ०८२/८३ को पहिलो तीन महिनामा पुँजीगत खर्च एक प्रतिशत मात्र गर्न सकेको छ । जेनजी आन्दोलन लगायतका कारण कारणले मन्त्रालयहरुले पुँजीगत कार्यक्रम कार्यान्वयनका लागि आवश्यक कार्यविधि तयार गर्न नसक्दा असोज मसान्तसम्म पुँजीगत खर्च न्यून रहेको मन्त्रालयका अधिकारीहरुले बताएका छन् । विकास बजेटमा भएको एक प्रतिशत खर्च पनि गत आर्थिक वर्षमा भएको कामको बाँकी रहेको भुक्तानी रकम हो ।

प्रदेश लेखा नियन्त्रक कार्यालयका अनुसार तीन महिनाको यस अवधिमा १९ करोड ८० लाख २९ हजार ८ सय २५ रुपैया मात्रै पुँजीगत खर्च भएको छ । यो अवधिमा चालुतर्फ एक अर्ब १८ करोड ७८ लाख २९ हजार ६ सय ७५ अर्थात ९ प्रतिशत खर्च भएको छ । प्रदेश सरकारले चालु आर्थिक वर्षमा चालुतर्फ १३ अर्ब ५२ करोड ६१ लाख र पुँजीगततर्फ १९ अर्ब ८२ करोड ५२ लाख ६ हजार विनियोजन गरेको छ । कुल ३३ अर्ब ३६ करोड १३ लाख ६ हजार बजेटमा कुल खर्च भने ४ प्रतिशत रहेको छ । उक्त रकम एक अर्ब ३८ करोड ५८ लाख ५९ हजार ५सय हो ।

सबैभन्दा बढी बजेट रहेको भौतिक पूर्वाधार विकास मन्त्रालयको खर्च सबैभन्दा कम एक दशमलव ६३ प्रतिशत मात्र छ । उक्त मन्त्रालयमा १५ अर्ब ३२ करोड १७ हजार विनियोजन भएकामा २५ करोड एक लाख २१ हजार ४ सय ४० मात्र खर्च भएको छ । सो मन्त्रालयले पुँजीगततर्फ १४ अर्ब ७० करोड ९१ लाख ५३ हजार विनियोजन गरेकामा १६ करोड एक लाख ९७ हजार मात्र खर्च गरेको छ । चालुतर्फ ६१ करोड ८ लाख ६४ हजार विनियोजन रहेकामा आठ करोड ९९ लाख २३ हजार ७३४ खर्च छ । मन्त्रालयका निमित्त सचिव मोहन कुँवरले भौतिक पूर्वाधार विकास मन्त्रालयमा अधिकांश नयाँ योजना रहेकाले अध्ययन गर्न नै समय लाग्ने भएको हुनाले यसवर्ष पुँजीगत काम कम भएको बताए ।

दोस्रो धेरै बजेट विनियोजन भएको मन्त्रालय सामाजिक विकास मन्त्रालय हो । उक्त मन्त्रालयको कुल बजेट ६ अर्ब ९४ करोड पाँच लाख ५५ हजार छ । जसमध्ये ४७ करोड ९२ लाख ९ हजार ७ सय ५१ (६ दशमलव ९० प्रतिशत) खर्च गरेको छ । तीन महिनाको अवधिमा सामाजिक विकास मन्त्रालयले चालु खर्च ११ दशमलव ४६ प्रतिशत र पूँजीगत खर्च शुन्य दशमलव ५९ प्रतिशत खर्च रहेको कोष तथा लेखा नियन्त्रक कार्यालयले जनाएको छ । भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयमा कुल बजेट तीन अर्ब २९ करोड ७० लाख विनियोजन भएकोमा ३.३४ प्रतिशत खर्च गरेको छ ।

विकासे मन्त्रालयहरुमा सबैभन्दा बढी ६ दशमलव ५७ प्रतिशत बजेट खर्च उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको छ । कुल बजेट दुई अर्ब ३३ करोड ४० लाख ९४ हजार रहेकामा कुल खर्च १५ करोड ३३ लाख ९६ हजार ९ सय ४८ छ ।

# लघुवित्त पीडित आन्दोलित




धनगढी । कैलालीका लघुवित्त पीडित आन्दोलित भएका छन् । लघुवित्त पीडितहरूको प्रतिवेदन सार्वजनिक नगरी उल्टै लघुवित्त संस्थाहरूले कालोसूचीमा राख्ने, धितो लिलाम गर्ने, सुकुम्वासी बनाउने र धाक धम्की दिने काम गरिएको भन्दै लघुवित्त पीडित आन्दोलित भएका हुन । लघुवित्त पीतिडहरुले कैलालीका प्रमुख जिल्ला अधिकारीलाई ज्ञापन पत्र बुझाउँदै अदालतमा लघुवित्त पीडितहरूको मुद्दा विचाराधीन अवस्थामा रहेकाले अहिलेको अवस्थामा लघुवित्तहरूको यस्ता ज्यादती रोक्नका लागि सहजीकरण गरिदिन माग गरेका छन् । लघुवित्त तथा वित्तीय शोषणविरुद्ध सङ्घर्ष समिति सुदूरपश्चिम प्रदेश समितिको तर्फबाट बुझाइएको ज्ञापन पत्रमा प्रमुख जिल्ला अधिकारी हिरालाल रेग्मीलाई सहजीकरण गरिदिन माग गरिएको छ ।

ज्ञापन पत्रमा सरकारले २०७८ माघ १ गतेदेखि सुरु भएको आन्दोलनलाई सम्बोधन गर्ने उद्देश्यले २०८० चैत १ र २ गते भएको वार्ताबाट ६ बुँदे सहमति गरे पनि त्यसको कार्यान्वयन नहुँदा लघुवित्त संस्थाहरूले पीडितहरू माथि निरन्तर अन्याय गरेको उल्लेख गरिएको छ । ज्ञापन पत्रमा २०८१ असार २६ गते तयार भएको स्थलगत अध्ययन प्रतिवेदन एक महिनाभित्र सार्वजनिक गर्ने भनिए पनि अहिलेसम्म कार्यान्वयन नभएकाले लघुवित्त संस्थाहरूले कालोसूचीमा सिफारिस गर्ने, धितो लिलामी गर्ने, भत्ता रोक्ने र मानसिक यातना दिने कार्य गरिरहेको उल्लेख छ ।

लघुवित्त तथा वित्तीय शोषणविरुद्ध सङ्घर्ष समितिले बुझाएको ज्ञापन पत्रमा सर्वोच्च अदालतमा २०८२ असार ४ गते नेपाल सरकार, नेपाल राष्ट्र बैङ्क र लघुवित्त बैंकर्स संघलाई प्रतिवादी बनाई रिट निवेदन दर्ता गरेको र उक्त मुद्दाको फैसला नहुँदासम्म लघुवित्त संस्थाहरूको कामकाज रोक्न माग गरिएको छ । यसैबिच लघुवित्त तथा वित्तीय शोषणविरुद्ध सङ्घर्ष समिति नेपाल सुदूरपश्चिम प्रदेश समिति, वित्तीय शोषण विरुद्ध किसान मजदुर आन्दोलन नेपाल, भूमि अधिकार आन्दोलन नेपाल, श्रमिक फोर्स नेपाल र मिटर ब्याज विरुद्ध किसान मजदुर आन्दोलन नेपालले संयुक्त रूपमा जिल्ला प्रशासन कार्यालय कैलालीको घेराउ गर्दै विरोध प्रदर्शन समेत गरेका थिए ।

उनीहरूले लघुवित्त पीडितको प्रतिवेदन बिना सर्त कार्यान्वयन, अन्यायपूर्ण सामूहिक ऋण मिनाहा, सामूहिक कर्जा प्रणालीको अन्त्य, गरिब किसान मजदुरलाई ब्याज छुटसहित निःशुल्क ऋण, कालोसूची तथा धितो लिलाम फुकुवा, मुआब्जा र क्षतिपूर्ति व्यवस्था, झुटा मुद्दा खारेज, २५ वर्ष भुक्तानी समय, बैङ्क तथा सहकारीहरूको राष्ट्रियकरण लगायतका १८ बुँदे माग समावेश छन् । समितिले माग पूरा नभएसम्म आन्दोलनलाई निरन्तरता दिने चेतावनी पनि दिएको छ ।

२०८० चैत १ र २ गते भएको वार्तामा कानुनी तथा नीतिगत प्रावधान र राष्ट्र बैंकको निर्देशन पालना नगर्ने लघुवित्त वित्तीय संस्थालाई कारबाहीको दायरामा ल्याउने, लघुवित्त वित्तीय संस्थाहरूले कर्जा प्रवाह गर्दा ऋणीलाई वित्तीय साक्षरता तथा सचेतना गराउने, ब्याजदर तथा सेवा शुल्क कम गरी समयानुकूल बनाउन अध्ययन गर्ने/ । बचतको ब्याजदर र कर्जाको ब्याजदरको अन्तर कम गर्ने सम्बन्धमा अध्ययन गर्ने, ०७२ सालको विनाशकारी भूकम्प, नाकाबन्दी तथा कोभिड-१९ को समस्या एवं लघुवित्त वित्तीय संस्थाले कर्जा प्रवाह एवं असुली गर्दा पालना गर्नुपर्ने कार्यविधि तथा निर्देशन विपरीत कार्य गरेको कारणले समयमा किस्ता बुझाउन नसक्ने ऋणीको साँवा, ब्याज, शुल्क, जरिवाना, कालोसूची एवं धितो फुकुवा, पीडितको पुनर्स्थापना तथा कर्जा भुक्तानी गर्ने कुनै आधार नभएका (घाइते, अपाङ्ग, दीर्घ रोगी) वास्तविक पीडितको कर्जा मिनाहा माग सम्बोधन गर्न स्थलगत अध्ययन गर्न सम्बन्धित क्षेत्रका विज्ञ र आन्दोलनरत पक्षका तीन जना प्रतिनिधिसमेतको सहभागितामा कार्यदल गठन गर्ने/ सहमति भएको थियो ।

सहमति अनुसार प्रतिवेदन तयार भए पनि हाल न प्रतिवेदन सार्वजनिक गरिएको छ, न अन्य सहमति नै कार्यान्वयन गरिदा लघुवित्त पीडित पुनः आन्दोलित बनेका हुन ।

# कैलाली कञ्चनपुरका सीमा नाकाबाट २ जना पक्राउ

अत्तरिया । कैलाली कञ्चनपुरका सीमा नाकाबाट लागू औषध सहित २ जना पक्राउ परेका छन् । भारत सँग सीमा जोडिएको कैलालीको खक्रोला भन्सार चेकपोस्ट र कञ्चनपुरको बेलौरी सडकघाटबाट लागू औषध सहित २ जना पक्राउ परेका हुन ।

आइतबार टीकापुर नगरपालिका - ९ खक्रौला भन्सार चेकपोस्ट नजिकबाट लम्कीचुहा नगरपालिका - १ घुरवाका २२ वर्षीय कलम जैसी पक्राउ परेका छन् । शङ्का लागि चेकजाँच गर्दा उनको साथबाट २ ग्राम ६ सय ५० मिलिग्राम लागू औषध खैरो हेरोइन बरामद गरिएको प्रदेश प्रहरी कार्यालय धनगढीले जनाएको छ । उनलाई प्रहरी चौकी कालाकुण्डा कैलालीबाट खटिएको प्रहरी टोलीले नियन्त्रणमा लिएको थियो ।

यस्तै आइतबार साँझ भारतबाट नेपाल तर्फ पैदल आइरहेका लालझाडी गाउँपालिका - ६ चांददेउका २१ वर्षीय पुर्ण बहादुर चौधरीलाई प्रहरीले बेलौरी नगरपालिका - १० सडकघाटबाट पक्राउ गरेको छ । उनको साथबाट १ ग्राम लागू औषध खैरो हेरोइन जस्तो बरामद गरिएको प्रहरीले जनाएको छ । उनलाई इलाका प्रहरी कार्यालय बेलडाँडी, कञ्चनपुर समेतबाट खटिएको प्रहरी टोलीले नियन्त्रणमा लिएको थियो । दुवै जनामाथि थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# २८ लाख नगद सहित २ भारतीय नागरिक पक्राउ

**धनगढी ।** कैलालीमा स्रोत नखुलेको २८ लाख बढी रकमसहित २ भारतीय नागरिक पक्राउ परेका छन् । धनगढी उपमहानगरपालिका-३ मिलनचोकबाट भारतको लखिमपुर खिरी पलिया बस्ने २७ वर्षीय हरचित गुप्ता र २९ वर्षीय सागर गुप्ता पक्राउ परेका हुन । उनीहरुको साथबाट स्रोत नखुलेको २८ लाख ३४० नेपाली रुपैयाँ बरामद गरिएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

उनीहरु सवार युपी ३१ सिएन ११७५ नम्बरको कार पनि प्रहरीले बरामद गरिएको छ । उनीहरुलाई विशेष सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय कैलालीबाट खटिएको प्रहरी टोलीले पक्राउ गरेको थियो ।

# भारतले धौलागिरी बाँध खोल्ने

दार्चुला । भारतले नेपालको दार्चुला सँग जोडिएको धौलिगङ्गा जलविद्युत् परियोजनाको बाँधको ढोका खोल्ने भएको छ । उत्तराखण्डमा रहेको उक्त जलविद्युत् परियोजनाको सिल्ट सफाइका लागि बुधवार बिहान सवा ८ बजेदेखि बिहीबार बिहान सवा १० बजेसम्म बाँधको ढोका खोल्ने भारतीय पक्षले जानकारी गराएको जिल्ला प्रशासन कार्यालय दार्चुलाले जनाएको छ ।

दार्चुलाका सहायक प्रमुख जिल्ला अधिकारी विनोद दाहालले जारी गरेको सूचनामा १९ गते बिहान सवा ८ बजे देखि २०गते बिहान सवा १० बजेसम्म महाकाली तटीय क्षेत्रमा पूर्व सतर्कता अपनाउन आग्रह गरेको जनाएको छ । भारतले विशेष गरी बर्सातको बेला धौलिगङ्गा जलविद्युत् परियोजनाको बाँधको ढोका खोल्ने गरेको छ ।

# महाकाली कोरिडोर कालोपत्रे गर्दै

दार्चुला । कात्तिक १७ गते । महाकाली कोरिडोर (ब्रह्मदेव-झुलाघाट-दार्चुला-टिङ्कर सडक) योजना अन्तर्गत पर्ने दार्चुला जिल्लामा ३० किलोमिटर सडक कालोपत्रे गर्ने काम सुरु भएको छ । यहाँको कालोपत्रे गरिने सडकखण्डलाई तीन प्याकेजमा विभाजन गरेर कालोपत्रे गर्नुपूर्व गरिने काम सुरु गरिएको हो ।

योजनाका सूचना अधिकारी एवं इन्जिनियर रामचन्द्र जैसीका अनुसार दार्चुला जिल्लामा पर्ने सलेतीदेखि बेतखण्डको १२ दशमलव ३ किलोमिटर र खलङ्गादेखि सुन्सेरा खण्डको १८.५ किलोमिटर सडकखण्डमा ब्याक कटिङ, भुइँ तह, सहायक तह र मुख्य आधार तह निर्माण गर्ने कार्य सुरु गरिएको छ । ४९ करोड १० लाख १३ हजार ७१३ रुपियाँमा २०७९ साल असार २० गते निर्माण कम्पनीसँग सम्झौता गरिएको हो । सो सडकको यस वर्षदेखि कालोपत्रेको काम सुरु भएको उनले बताए ।

सलेतीदेखि बेतसम्मको सडक कालोपत्रे गर्ने काम राजेन्द्र निर्माण सेवाले गरिरहेको छ भने खलङ्गादेखि चल्लेगडा खण्ड र चल्लेगडादेखि सुन्सेरासम्मको सडकखण्ड कालोपत्रे गर्ने काम सिएबी ग्वाल्लेक जेभीले गरिरहेको उनले बताए । (बाँकी ३ पेजाम)

Government of SudurPashchim Province
Ministry of Social Development
Health Directorate

## District Hospital Baitadi

### Invitation for Seal Quotation

**Date of publication**: **2082/07/17 (November-03-2025)**
Invitation for Bids No: **DHB/SQ/G/02/2082/083**

1. The **District Hospital, Baitadi** invites seal quotations from eligible registered suppliers for the procurement, supply and delivery of free essential medicine under National competitive bidding procedures.

| S.N. | Contract id no | Name of the Project | Cost of bidding Documents NRS | Bid Security NRS | Last date and time of submission | Bid opening date and time |
|---|---|---|---|---|---|---|
| 1. | **DHB/SQ/G/02/2082/083** | The Procurement, Supply and Delivery of Free Essential Medicine | 1,000/- | 65,000/ | 2082/08/02 12:00 PM (Nov 18, 2025) | 2082/08/02 14:00 PM (Nov 18, 2025) |

2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of **District Hospital, Baitadi** or may visit PPMO eGP system www.bolpatra.gov.np/egp.
3. Bidder who chooses to submit their bid electronically may purchase the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document **(Nrs 1000)** in the following Rajaswa (revenue) account as specified below:

| | |
|---|---|
| Name of the Bank: **Rastriya Banijya Bank** | Name of Office: **District Hospital, Baitadi** |
| Office Code no.: **3500274027** | Deposit Account no.: 4050100202030000 Provincial Treasury Unit office, Baitadi |
| Rajaswa (Revenue) Shirshak no. :**14229** | Revenue Account: 1000200010000 |

1. For more Information: Telephone :095-520151, email: baitadidistricthospital@gmail.com

**Medical Superintendent**

"समृद्ध सुदूरपश्चिमका लागि आर्थिक सम्बृद्धि"

## सुदूरपश्चिम महोत्सव २०८२

## सुदूरपश्चिम महोत्सव २०८२

विविध कार्यक्रमहरुका साथ भव्यरुपमा आयोजना गरिन लागेको सुदूरपश्चिम महोत्सव २०८२ का लागि स्टल बुकिङको कार्य धमाधम भईरहकोले समयमै आफ्नो स्टल बुक गराई व्यवासायीक लाभ लिन सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गएिको छ ।

**स्टल भाडा दर :-**

| | | | |
|---|---|---|---|
| १) अटोमोवाईल्स ४ wheeler | रु. २५,०००/- | ८) नर्सरी, मौरी तथा कृषि जन्य वस्त | रु.१००००/ |
| २) अटोमोवाईल्स २ wheeler | रु. २०,०००/- | ९) साना हस्तकला तथा महिला उद्यमी | रु.१५,०००/ |
| ३) ठूला उद्योग प्रतिष्ठान | रु. २५,०००। | १०) बैंक तथा विमा कम्पनी | रु.३०,०००/ |
| ४) मझौला उद्योग प्रतिष्ठा | रु. २५,०००/- | ११) सरकारी कार्यालय तथा शैक्षिक संस्थान | रु.२०,०००/ |
| ५) व्यापारिक फर्म | | १२) प्राईभेट अस्पताल | रु.२५,०००/- |
| क) कर्नर स्टल | रु २५,०००/- | १३) गैर सरकारी संस्थाहरु | रु.२०,०००/ |
| ख) साधाराण स्टल | रु २०,०००/- | | |
| ६) रेष्टुरेण्ट | रु.३०,०००/- | | |
| ७) डेरी जन्य | रु.१५०००/- | | |

**नोट :** मिती २०८२ कार्तिक १६ गते देखी २२ गते सम्म स्थानियले मात्र स्टल बुकिङ गर्न पाउनेछन तत्पश्चात अन्य व्यबसायीहले स्टल बुकिङ गर्न पाउनेछन । कैलाली उद्योग वाणिज्य संघमा विधीवत रुपमा दतां भै नविकरण भएका व्यवसायिक सदस्यहरुलाई तपशिल बमोजिम छूट प्राप्त गर्ने छन् ।

**तपशिल :** कैलाली उद्योग वाणिज्य संघमा ५१ औं साधारण पूर्व दर्ता भएका सदस्यले २० प्रतिसत र तत्पश्चात दर्ता भएकालाई १५ प्रतिसत छूट प्राप्त गर्नेछन । स्टल बुकिङ गर्दा स्टलको भाडा अग्रिम रुपमा भुक्तानी गर्नुपर्ने छ ।

**कैलाली उद्योग वाणिज्य संघ**
धनगढी, कैलाली
फोन: ०९१-५२१२३७
ईमेल : kailalicci@gmail.com

धनगढी पोष्ट दैनिकका लागि कर्ण शाहद्वारा सम्पादित/प्रकाशित, ठेगाना : धनगढी-१ एलएनचौक, फोन ०९१- ५२५७७०, फ्याक्स -५२२४५६,
Email : dhangadhipost@gmail.com, Website:www.dhangadhipost.com, मुद्रकः समैजी अफसेट प्रेस बैयाबेहडी, धनगढी